# संविधान दिवस तथा राष्ट्रिय दिवस

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## ३ असोज, २०७६

## नेपाली सैनिकमञ्च, टुँडिखेल, काठमाण्डौं

# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा गठित संविधान दिवस तथा राष्ट्रिय दिवसको मूल समारोह समितिबाट स्वीकृत कार्यक्रम निम्नानुसार रहेको छ।

क. मूल समारोह समितिको गठन- देहायका पदाधिकारी रहनु भएको मूल समारोह समिति गठन भएको छ ।

**संविधान दिवस मूल समारोह समिति, २०७६ का पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | सम्माननीय प्रधानन्यायाधीश | सदस्य |
| ३. | सम्माननीय सभामुख, प्रतिनिधिसभा | सदस्य |
| ४. | सम्माननीय अध्यक्ष, राष्ट्रियसभा | सदस्य |
| ५. | पूर्व राष्ट्रपति | सदस्य |
| ६. | माननीय उप प्रधानमन्त्रीहरु | सदस्य |
| ७. | पूर्व उप-राष्ट्रपति | सदस्य |
| ८. | पूर्व प्रधानमन्त्रीहरु,र मन्त्रीपरिषदका पूर्व अध्यक्ष | सदस्य |
| ९. | माननीय मन्त्रीज्यूहरु | सदस्य |
| १०. | पूर्व प्रधानन्यायाधिशहरु | सदस्य |
| ११. | संविधान सभाका अध्यक्ष | सदस्य |
| १२. | माननीय उपसभामुख, प्रतिनिधिसभा | सदस्य |
| १३. | माननीय उपाध्यक्ष, राष्ट्रियसभा | सदस्य |
| १४. | व्यवस्थापिका संसदका पूर्व सभामुखहरु, प्रतिनिधिसभाका पूर्व सभामुखहरु | सदस्य |
| १५. | माननीय राज्यमन्त्रीहरु | सदस्य |
| १६. | संघीय संसदका विभिन्न समितिका सभापतिहरु | सदस्य |
| १७. | उपाध्यक्ष राष्ट्रिय योजना आयोग | सदस्य |
| १८. | सर्वोच्च अदालतका माननीय न्यायाधिशहरु | सदस्य |
| १९. | संवैधानिक निकायका प्रमुखहरु | सदस्य |
| २०. | माननीय महान्यायाधिवक्ता | सदस्य |

| | | |
|---|---|---|
| २१. | प्रतिनिधिसभा तथा राष्ट्रियसभाका माननीय सदस्यहरु | सदस्य |
| २२. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| २३. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| २४. | प्रधान सेनापति | सदस्य |
| २५. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| २६. | जिल्ला समन्वय समितिका प्रमुखहरु, काठमाडौं, ललितपुर, भक्तपुर | सदस्य |
| २७. | संघीय संसदका महासचिव | सदस्य |
| २८. | सर्वोच्च अदालतका मूख्य रजिष्ट्रार | सदस्य |
| २९. | नेपाल राष्ट्र बैंकका गर्भनर | सदस्य |
| ३०. | प्रज्ञा प्रतिष्ठानका कुलपतिहरु | सदस्य |
| ३१. | प्रतिष्ठान/विश्वविद्यालयका उपकुलपतिहरु | सदस्य |
| ३२. | राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू | सदस्य |
| ३३. | नेपाल सरकारका सचिव एवं राजपत्रांकित विशिष्ट श्रेणीका अधिकृत तथा सूरक्षा निकायका प्रमुखहरु | सदस्य |
| ३४. | उपत्यका भित्रका नगरपालिकाका प्रमुखहरु | सदस्य |
| ३५. | सामाजिक, व्यवसायिक, पेशागत संघ संस्थाका अध्यक्ष तथा प्रमुखहरु | सदस्य |
| ३६. | विभागीय प्रमुखहरु | सदस्य |
| ३७. | श्री प्रेम कुमार राई, सचिव, गृह मन्त्रालय | सदस्य सचिव |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## ख. असोज २ गतेको कार्यक्रम

१. उपत्यकाभित्रका सबै सरकारी कार्यालय, महानगरपालिका र नगरपालिकाहरूले आ–आफ्नो क्षेत्रका विभिन्न स्थानमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृङ्गार र सरसफाइ गर्ने। मुलुकभरका सरकारी कार्यालयले आ-आफ्नो कार्यालय परिसरमा तथा आम नागरिकले घरघरमा सरसफाई र दिपावली गर्ने।

२. नेपालको संविधानका विषयमा केन्द्रित रही विशेष परिसम्वाद, सम्वाद लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रशारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

३. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने ।

४. नेपाल टेलिभिजन, रेडियो नेपाल एवं निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रशारण/प्रकाशन गराउने।

५. राष्ट्रिय झण्डा रिले दौड तथा क्रिकेट खेलको आयोजना गर्ने ।

६. साँझ दीपावली गर्ने ।

## ग. असोज ३ गतेको कार्यक्रम

१. सूर्योदयका साथ नेपाली सेनाद्वारा बिगुल (रिभ्यांली) बजाउने । तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात शहीदहरूको आत्माको चिरशान्तिका लागि राष्ट्रका तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै विभिन्न धार्मिक संघ संस्थाहरूबाट विभिन्न मठ मन्दिर, चर्च, मस्जिद, बुद्ध विहार, गुरुद्वार लगायतका स्थानहरुमा पूजापाठ तथा प्रार्थनाको कार्यक्रम सञ्चालन गर्ने।

३. संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी तथा संघ-सस्थाका कर्मचारीहरु हातहातमा राष्ट्रिय झण्डा लिई प्रभातफेरी गर्दै मूल समारोह स्थल (काठमाण्डौं उपत्यकाको हकमा सैनिक मञ्च टुँडिखेल र प्रदेश र स्थानीय तहको हकमा तोकिएको स्थानमा) उपस्थित हुने र सो को अभिलेख सम्बन्धित मन्त्रालय वा निकायहरुले राखी काठमाण्डौं उपत्यकाको हकमा गृह मन्त्रालयमा र प्रदेश र स्थानीय तहको हकमा प्रदेश तथा स्थानीय तहले तोकेको स्थानमा पठाउने व्यवस्था मिलाउने। उपत्यकाका कर्मचारीको हकमा सम्बन्धित मन्त्रालय तथा निकायमा जम्मा भई राष्ट्रिय झण्डा हातमा लिई प्रभातफेरी सहित टुँडिखेलमा जम्मा हुने र अन्य नागरिकको हकमा सम्बन्धित नगरपालिका वा वडा

कार्यालयमा जम्मा भई हातहातमा राष्ट्रिय झण्डा लिई प्रभातफेरी सहित तोकिएको स्थानमा जम्मा भई टुँडिखेलमा सहभागी हुने ।

४. सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने गीत र नृत्य प्रदर्शन गर्ने ।

५. सुरक्षाकर्मीले परेड प्रदर्शन गर्ने ।

६. हेलिकप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शनी गर्ने ।

७. साँझ दिपावली गर्ने ।

८. संघ, प्रदेश र स्थानीय तहमा विशेष कार्यक्रम संचालन गर्ने ।

### घ. *असोज ४ गतेको कार्यक्रम*

१. सबै जिल्लाहरुमा वृक्षारोपण कार्यक्रम (फलफूल विरुवा ,रोप्ने)

२. रेडियो नेपालबाट संविधान दिवस, २०७६ को अवसरमा जागरण गीत सम्मेलन सञ्चालन गर्ने।

३. स्वास्थ्य मन्त्रालय र नेपाल रेडक्रसको समन्वयमा मुलुक भरी खुल्ला रक्तदान कार्यक्रम गर्ने।

४. साँझ दीपावली गर्ने ।

### ङ. *विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासमा मनाइने कार्यक्रम*

१. विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासहरूमा राष्ट्रिय दिवसको रुपमा विविध कार्यक्रमसहित असोज २, ३ र ४ गते संविधान दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विविध विषयका विशेषता झल्कने प्रचार सामग्री तयार गरी परराष्ट्र मन्त्रालय मार्फत त्यस्ता निकायमा पठाउने ।

### च. *उपत्यका बाहिरका प्रदेशका राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहहरूमा मनाइने कार्यक्रम*

प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा संविधान दिवस प्रदेशस्तरीय समारोह समिति प्रदेश सरकारले गठन गर्ने र सदरमुकामको जिल्ला समेत समावेश गर्ने । काठमाण्डौं उपत्यका र प्रदेश सदरमुकाम रहेका जिल्ला बाहेकका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला स्तरीय समारोह समिति तथा जिल्ला सदरमुकाम बाहिरका स्थानीय तहहरुको हकमा सम्बन्धित प्रमुखको अध्यक्षतामा स्थानीय स्तरीय समारोह समिति गठन गरी सबै सरकारी कार्यालयहरु, संस्थाहरु एवं स्थानीय तह समेत सम्मिलित संविधान दिवस समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक

कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथ असोज २, ३ र ४ गते संविधान दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

छ. *अन्य कार्यक्रमहरु*

१. सातैवटा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट संविधान दिवस भव्यताका साथ मनाउन निर्देशन दिने ।

२. संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउनका लागि स्थानीय तहको सहभागिताका लागि आह्वान गर्ने ।

३. स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र सबै सरकारी कार्यालयहरुलाई उक्त दिन राष्ट्रिय झण्डा फहऱ्याउन र संविधान र देशको प्रगति सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।

४. वस्तु तथा सेवा विक्रिमा व्यापक र विशेष छुट दिन व्यवसायीहरुको छाता संगठन मार्फत निजि क्षेत्रका व्यवसायीहरुलाई आह्वान र अनुरोध गर्ने ।

५. सरकारी स्वामित्वमा रहेका पर्यटकीय स्थलमा विशेष सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने ।

६. झण्डा रंगको पोशाक, टिसर्ट, चंगा र यस्तै प्रकारका अन्य रचनात्मक कार्यका निर्माण तथा वितरणका लागि निजि क्षेत्रलाई आह्वान गर्ने ।

७. 'संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं /घर घरमा राष्ट्रिय झण्डा फहराऔं', भन्ने जस्ता नाराहरु सबै नागरिक सम्म एस. एम. एस. मार्फत पुऱ्याउने व्यवस्था मिलाउने ।

८. स्कुल तथा कलेजमा संविधान दिवस तथा राष्ट्रिय दिवस र नेपालको राष्ट्रिय झण्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता, वकतृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

९. सार्वजनिक चोक हरुमा राष्ट्रिय गान र राष्ट्रभक्तिका गीत कन्सर्ट आदि महोत्सव गर्ने व्यवस्था मिलाउने ।

१०. सबै सरकारी, गैर सरकारी तथा निजी संघ-संस्थाहरुले कपडा/कागजको झण्डा आफैले तयार गर्ने र वितरण गर्ने ।

११. संविधान दिवस तथा राष्ट्रिय दिवसको शुभकामना एस. एम. एस. मार्फत पठाउने ,डिस्प्ले बोर्डमा सन्देश दिने, सिनेमा हलमा सिनेमा शुरुहुनु भन्दा अघि राष्ट्रिय गान बजाउने, संविधान दिवससँग सम्बन्धित कार्यक्रम र विषयवस्तु विभिन्न माध्यमहरुबाट प्रसारण गराउने व्यवस्था मिलाउने ।

ज. स्वीकृत कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्न निम्नानुसार उपसमिति गठन गरिएको छ।

| प्रचार प्रसार उप-समिति | | |
|---|---|---|
| १ | माननीय मन्त्री, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २ | श्री प्रमुख, जि.स.स. काठमाडौं | सदस्य |
| ३ | श्री प्रमुख, जि.स.स. ललितपुर | सदस्य |
| ४ | श्री प्रमुख, जि.स.स. भक्तपुर | सदस्य |
| ५ | श्री सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| ६ | श्री अध्यक्ष, सुरज वैध, नेपाल भ्रमण वर्ष-२०२० को सचिवालय | सदस्य |
| ७ | श्री प्रमुख कार्यकारी अध्यक्ष, नेपाल पर्यटन बोर्ड | सदस्य |
| ८ | श्री अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ९ | श्री अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| १० | श्री कार्यकारी निर्देशक, रेडियो नेपाल | सदस्य |
| ११ | श्री महानिर्देशक, मुद्रण विभाग | सदस्य |
| १२ | श्री महाप्रवन्धक, राष्ट्रिय समाचार समिति | सदस्य |
| १३ | श्री अध्यक्ष, नेपाल टेलिभिजन | सदस्य |
| १४ | श्री अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| १५ | श्री अध्यक्ष, नेपाल मिडिया सोसाइटी | सदस्य |
| १६ | श्री अध्यक्ष, काठमाडौं उपत्यका एफ.एम.प्रसारक मञ्च | सदस्य |
| १७ | श्री प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| १८ | श्री अध्यक्ष, नेपाल उद्योग, वाणिज्य महासंघ | सदस्य |
| १९ | श्री अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श एण्ड इन्डस्ट्रिज | सदस्य |
| २० | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |

| | | |
|---|---|---|
| २१ | श्री अध्यक्ष, निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड यूनियन | सदस्य |
| २२ | श्री अध्यक्ष, शिक्षक महासंघ | सदस्य |
| २३ | श्री अध्यक्ष, प्याब्सन | सदस्य |
| २४ | श्री अध्यक्ष, एन प्याब्सन | सदस्य |
| २५ | श्री अध्यक्ष, ब्रोडकाष्टिङ्ग एशोसिंएसन अफ नेपाल | सदस्य |
| २६ | श्री अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ | सदस्य |
| २७ | श्री अध्यक्ष, नेपाल छापामाध्यम राष्ट्रिय सञ्जाल | सदस्य |
| २८ | श्री अध्यक्ष, नेपाल विज्ञापन संघ | सदस्य |
| २९ | श्री अध्यक्ष, चलचित्र विकास बोर्ड | सदस्य |
| ३० | श्री अध्यक्ष, प्रेस काउन्सिल | सदस्य |
| ३१ | श्री अध्यक्ष, होटेल एसोसिएसन अफ नेपाल | सदस्य |
| ३२ | श्री अध्यक्ष, ट्रेडिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल | सदस्य |
| ३३ | श्री महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य सचिव |
| | ***मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समिति*** | |
| १ | श्री प्रमुख, काठमाडौं महानगरपालिका | संयोजक |
| २ | श्री आयुक्त, महानगरीय प्रहरी आयुक्तको कार्यालय | सदस्य |
| ३ | श्री प्रमुख जिल्ला अधिकारी, ललितपुर | सदस्य |
| ४ | श्री सुपरिटेण्डेण्ट इञ्जिनियर,भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय | सदस्य |
| ५ | श्री उप-सचिव, कार्यालय व्यवस्थापन शाखा, गृह मन्त्रालय | सदस्य |
| ६ | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (निवेश) जंगी अड्डा | सदस्य |
| ७ | श्री अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ | सदस्य |
| ८ | श्री प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य सचिव |
| | ***ग्राउण्ड, कवाज, व्यायाम व्यवस्थापन समन्वय उप-समिति*** | |
| १ | श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | संयोजक |

| | | |
|---|---|---|
| २ | श्री अधिकृत प्रतिनिधि (रा.प.प्रथम श्रेणी), काठमाडौं महानगरपालिका | सदस्य |
| ३ | श्री प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ४ | श्री प्रमुख सेनानी, कार्यरथी विभाग (वे.वृ.),जङ्गी अड्डा | सदस्य |
| ५ | श्री प्रमुख आयुक्त, नेपाल स्काउट, प्रधान कार्यालय | सदस्य |
| ६ | श्री प्रमुख, प्रतियोगिता तथा योजना विभाग, राष्ट्रिय खेलकुद परिषद् | सदस्य |
| ७ | श्री सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय | सदस्य |
| ८ | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं | सदस्य |
| ९ | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर | सदस्य |
| १० | श्री जिल्ला समन्वयकर्ता, जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर | सदस्य |
| ११ | श्री प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| १२ | श्री प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर थिमी नगरपालिका | सदस्य |
| १३ | श्री प्रमुख प्रशासकीय अधिकृत, किर्तिपुर नगरपालिका | सदस्य |
| १४ | श्री प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| १५ | श्री प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| १६ | श्री प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १७ | श्री प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १८ | श्री प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १९ | श्री प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| २० | श्री प्रमुख प्रशासकीय अधिकृत, गोकर्नेश्वर नगरपालिका | सदस्य |
| २१ | श्री प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २२ | श्री प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २३ | श्री प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |

| | | |
|---|---|---|
| २४ | श्री प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| २५ | श्री शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| २६ | श्री प्रहरी वरिष्ठ उपरीक्षक, महानगरीय प्रहरी आयुक्तको कार्यालय | सदस्य सचिव |

## झ. क्रियाकलाप तथा कार्य योजना

| | | | |
|---|---|---|---|
| १.सातैवटा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट दिवस भव्यताका साथ मनाउन निर्देशन दिने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | गृह मन्त्रालय |
| २. संविधान दिवस समारोह समितिहरुको कार्यक्रममा स्थानीय तहको उपस्थितिको लागि आह्वान गर्ने।<br><br>३.स्थानीय एवं सबै सरकारी कार्यालयहरुले उक्त दिन राष्ट्रिय झण्डा प्रदर्शन, सरसफाई, संविधान र देशको प्रगति सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br><br>४. प्रदेश र स्थानीय तहले संविधान दिवस भव्यताका साथ मनाउने। संविधान दिवसमा उपस्थित हुनेले राष्ट्रिय झण्डा अनिवार्य रुपमा बोक्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सबै स्थानीय तहहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय |
| ५. सार्वजनिक चोक हरुमा राष्ट्रिय गान र राष्ट्रभक्तिका गीत कन्सर्ट आदि महोत्सव गर्ने व्यवस्था मिलाउने। | कला साहित्य सम्बन्धि सरकारी प्रतिष्ठानहरु र सम्बन्धित स्थानीय तह | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | गृह मन्त्रालय |
| ६.सरकारी स्वामित्वमा रहेका पर्यटकीय स्थलमा विशेष सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने। | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | निजि क्षेत्रका संघसंस्थाहरु | गृह मन्त्रालय |
| ७. वस्तु तथा सेवा विक्रिमा व्यापक र विशेष छुट दिन निजि क्षेत्रका व्यवसायीहरुलाई आव्हान र अनुरोध गर्ने । | वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिजय महासंघ, नेपाल चेम्बर अफ कर्मश, नेपाल उद्योग परिसंघ, निजि क्षेत्रका संघ संस्थाहरु | अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | गृह मन्त्रालय |
| ८. झण्डा रंगको पोशाक टिसर्ट आदि र चंगा निर्माण गरी उपलब्ध गराउन निजि क्षेत्रलाई आहवान गर्ने। *(झण्डा कागजको, कपडाको हुन सक्छ र झण्डा राख्नेले झण्डाको सम्मान पनि गर्नुपर्छ)* | सबै सरकारी, गैर सरकारी तथा निजी क्षेत्र | | |

| | | | |
|---|---|---|---|
| ९. स्कुल तथा कलेजमा नेपालको संविधान, संविधान दिवस तथा राष्ट्रिय दिवस र नेपालको राष्ट्रिय झण्डा लगायतको राष्ट्रभक्तिको विषयमा कविता वकतृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने । | शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | प्याबसन, एन प्याब्सन हिसान | गृह मन्त्रालय |
| १०. *'संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं / घर घरमा राष्ट्रिय झण्डा फहराऔं'* भन्ने जस्ता स्लोगानहरु मास एस.एम.एस. पठाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण र सेवा प्रदायक कम्पनीहरु | गृह मन्त्रालय |
| ११. शुभकामनाको मास एस.एम.एस., डिस्प्ले बोर्डमा सन्देश, सिनेमा हलमा सिनेमा शुरुहुनु भन्दा अघि राष्ट्रिय गान बजाउने संविधान दिवससँग सम्बन्धित कार्यक्रम र विषयवस्तु प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहत सेवा प्रदायक र सञ्चार गृहहरु | निजि क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| १२. उपत्यकाभित्रका सबै सरकारी कार्यालय, महानगरपालिका र नगरपालिकाहरूले आ-आफ्नो क्षेत्रका विभिन्न स्थानमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृङ्गार र सरसफाइ गर्ने।<br><br>१३. मुलुकभरका सरकारी र गैर सरकारी कार्यालयहरुले आ-आफ्नो कार्यालय परिसरमा तथा आम नागरिकले घरघरमा सरसफाई र दिपावली गर्ने। | सबै तहका सरकारी निकायहरु र नागरिक समाज | स्थानीय तहहरु | गृह मन्त्रालय |
| १४. नेपालको संविधानका विषयमा केन्द्रित रही विशेष परिसम्वाद, सम्वाद लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रशारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।<br><br>१५. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने | सञ्चार तथा सूचना, प्रविधि मन्त्रालय | सरकारी तथा निजि क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |

| | | | |
|---|---|---|---|
| विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br><br>१६. नेपाल टेलिभिजन, रेडियो नेपाल एवं निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रशारण/प्रकाशन गराउने ।<br><br>१७. सञ्चार माध्यमले संविधान दिवसको दिन झण्डा आ-आफ्नो घर घरमा र हात हातमा सम्मानका साथ राख्न प्रचार प्रसार गरिदिन आग्रह गर्ने । | | | |
| १८. राष्ट्रिय झण्डा रिले दौड तथा क्रिकेट खेलको आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद | युवा तथा खेलकुद मन्त्रालय | |
| १९. साँझ दीपावली गर्ने । | सरकारी निकायहरु | स्थानीय समुदाय | गृह मन्त्रालय |

## *असोज ३ गतेको कार्यक्रम*

| | | | |
|---|---|---|---|
| २०. संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कर्मचारीहरु राष्ट्रिय झण्डा सहितको र्‍याली गर्दै मूल समारोह स्थल काठमाडौंको हकमा सैनिक मञ्च टुँडिखेल र प्रदेश र स्थानीय तहको हकमा तोकिएको स्थानमा उपस्थित हुने र मन्त्रालय वा तालुक निकायले मातहत कर्मचारीको अनिवार्य उपस्थिति र हाजिरीको व्यवस्था मिलाउने र त्यसको जानकारी गृह मन्त्रालयलाई पठाउने । | सबै सरकारी निकायहरु र कर्मचारी | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय |
| २१. सैनिक मञ्च टुडिखेलमा सांस्कृतिक र राष्ट्रिय एवं औपचारिक पोशाकमा राष्ट्रिय झण्डा सहित भेला हुने। | सम्बन्धित मन्त्रालय/निकाय र उपत्यकास्थित स्थानीय तहरु | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय |
| २२. सूर्योदयका साथ नेपाली सेनाद्वारा बिगुल (रिभ्याली) बजाउने । तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने । | नेपाली सेना | गृह मन्त्रालय | गृह मन्त्रालय |
| २३. सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने गीत र | नेपाली सेना, नेपाल | गृह मन्त्रालय | साहित्य कला |

| | | | |
|---|---|---|---|
| नृत्य प्रदर्शन गर्ने । | प्रहरी र सशस्त्र प्रहरी | | सम्बन्धी प्रतिष्ठानहरु |
| २४. सुरक्षाकर्मीको परेड प्रदर्शन गर्ने । | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी | गृह मन्त्रालय | रक्षा मन्त्रालय |
| २५. हेलिकप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शनी गर्ने। | नेपाली सेना | नेपाली सेना | गृह मन्त्रालय |
| २६. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूको आत्माको चिरशान्तिका लागि राष्ट्रका तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै विभिन्न धार्मिक संघ संस्थाहरूबाट विभिन्न मठ मन्दिर, चर्च, मस्जिद, बुद्ध विहार, गुरुद्वार लगायतका स्थानहरुमा पूजापाठ तथा प्रार्थनाको कार्यक्रम सञ्चालन गर्ने । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | धार्मिक संघसंस्थाहरु | गृह मन्त्रालय |

## ञ. काठमाण्डौं उपत्यकामा सैनिक मञ्च टुँडिखेलको कार्यक्रम

मिति २०७६/०६/०३

**कार्यक्रम सुरु हुने समय - बिहान १०:०० बजे**

**मूल कार्यक्रमको अनुमानित समयावधि : १ घण्टा ३० मिनेट**

१. राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, नेपाल सरकारका निजामती, जंगी, प्रहरी तथा संस्थानका कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, खेलाडी, युवा, मजदुर, किसान, महिला, सामाजिक संघ संस्थासँग आबद्ध पदाधिकारीहरू एवं नागरिक समाज र उद्योग व्यवसायीका साथै समाजमा क्रियाशील सबै सामाजिक संघ संस्थाका सदस्यहरु र सबै सर्वसाधारण महानुभावहरू उपस्थित हुनुपर्ने समय - **बिहान ९:१५ बजे**

-आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन

२. राष्ट्रियसभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यूको आगमन

३. प्रतिनिधिसभाका सम्माननीय सभामुख कृष्ण बहादुर महराज्यूको आगमन

४. सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शम्सेर राणाज्यूको आगमन

५. संविधान दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूको आगमन

६. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको आगमन

७. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको आगमन सलामी ग्रहण

८. राष्ट्रियगान र झण्डोत्तलन

९. नेपाली सेनाको हेलिकोप्टरहरूबाट "संविधान दिवस-२०७६" अंकित व्यानर प्रदर्शन, पुष्पवृष्टि र बेलुनहरु र शान्तिको प्रतिक परेवा उडाउने

१०. ज्ञात, अज्ञात शहीदहरू प्रति उच्च सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिको लागि १ मिनेट मौन धारण

११. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, सुरक्षाकर्मीहरुद्वारा मार्च पास

१२. राष्ट्रिय भावनाको गीत प्रस्तुति - नेपाल पर्यटन वर्ष २०२० -५ मिनेट

१३. सातै प्रदेशको सांस्कृतिक पहिचान झल्कने नृत्य तथा गीत सहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलद्वारा प्रस्तुति -१५ मिनेट

१४. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा रोचक कार्यक्रम प्रस्तुती -१० मिनेट

१५. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालद्वारा ब्याण्ड प्रदर्शन -१५ मिनेट

१६. संविधान दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन र समारोह विसर्जन

*(रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य श्रव्य दृष्य संस्थाबाट कार्यक्रमको प्रत्यक्ष प्रसारण)*